# तिलागुफा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## गाल्जे, कालीकोट

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गाल्जे, कालीकोट
कर्णाली प्रदेश नेपाल
२०७३



आर्थिक वर्ष २०८३।०८४ को

बार्षिक, बजेट, नीति तथा कार्यक्रम

नगर सभामा प्रस्तुत

मितिः २०८३ आषाढ १०

## १९ औं नगर सभामा पेश गरिएको आगामी आर्थिक ०८३।०८४ को बार्षिक बजेट,नीति तथा कार्यक्रम

**सभाध्यक्ष ज्यू,**

नेपालको संविधानको धारा २३० बमोजिम पालिकाको बजेट, नीति तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले संवैधानिक दायित्व पूरा गर्न यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३।०८४ को वार्षिक बजेट, नीति तथा कार्यक्रम यस १९ औं नगर सभामा पेश गर्न पाउँदा गौरवान्वित छु ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवं मुलुकको सर्वाङ्गीण विकास, सुशासन, समृद्धि र अग्रगमनका लागी ऐतिहासिक विभिन्न कालखण्डमा भएका बलिदानीपूर्ण सङ्घर्ष आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु। सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको सार्वभौम जनताले उत्कृष्ट तहको स्वतन्त्रताको उपभोग गर्दै आफ्नो अधिकार प्रयोग गरिरहेको वर्तमान अवस्था सृजनाका लागि इतिहासका विभिन्न कालखण्डमा भएका घाइते,अपाङ्ग, वेपत्ता योद्धाहरुको योगदानको उच्च सम्मान व्यक्त गर्दछु ।

यस नगरपालिकाको विकास र शासकीय सुधार गर्नको लागि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गर्न उपलब्ध यो महत्वपूर्ण घडिमा हुन गईरहेको १९ औं नगर सभाको उद्घाटन सत्रमा आफ्नो महत्वपूर्ण समयलाई व्यतीत गरी सहभागी हुनु भएका सम्पूर्ण नगर सभा सदस्यज्यूहरु, विकास साझेदार संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, कर्मचारी मित्रहरु, स्वास्थ्यकर्मी, शिक्षक, सुरक्षाकर्मी मित्रहरु, सञ्चारकर्मी बन्धुहरु लगायत उपस्थित सम्पूर्ण सहभागीज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

विकेन्द्रीकरणको उत्कृष्ट नमूनाको रुपमा रहेको सङ्घीय व्यवस्था, अन्तर्गत सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरु हाल आफ्नो क्षेत्राधिकार भित्र रही बजेट निर्माणमा जुटिरहेको अवस्था रहेको छ । ठूलो बलिदान र सङ्घर्ष पश्चात प्राप्त व्यवस्थामा पनि विकास र सुशासनका सवालमा जनतामा व्यापक निराशा र आक्रोश बढ्दो अवस्था छ भन्ने व्यवस्थाको विकल्प खोजिनु पर्छ भन्ने आवाजहरु संसद देखि सडक सम्मै देखिन थालेका छन । सबै तहका सरकारहरुले आ-आफ्नो तहबाट जनआकाँक्षा पूरा गर्ने कार्य गर्नु अहिलेको परम आवश्यकता हो ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना पछि व्यवस्था परिवर्तन भयो तर जनताको अवस्थामा परिवर्तन भएन भन्ने मत बढ्दै गइरहेको वर्तमान अवस्थामा वास्तविक रुपमा जनताको जीवन स्तर उकास्ने र जनताका आकाँक्षा पूरा गर्ने कुरामा केन्द्रीत हुनु सबै तहको पहिलो कर्तव्य हो। पुरानो सामाजिक संरचना परिवर्तन हुँदै डिजिटल समाजको अवधारणा बमोजिम नयाँ सामाजिक मान्यताको स्थापना हुँदै



तिलागुफा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गाल्जे, कालीकोट कर्णाली प्रदेश नेपाल २०७३

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

गइरहेको सन्दर्भमा सामाजिक अवसर र चुनौतीहरु समेत नविनढंगले आएका छन्। सामाजिक सञ्जालमा आधारित समाजमा उत्पन्न नयाँ चुनौतीहरुलाई अवसरमा बद्लदै सोही किसिमका मूल्यको विकास गर्नु आवश्यक भईसकेको छ ।

वर्तमान संविधान कार्यान्वयन, सङ्घीयताको सबलीकरण, अर्थतन्त्रको सुधार र उत्पादकत्त्व वृद्धि, रोजगारी सृजना, गरिबी निवारण, सुशासन प्रवर्द्धन, सार्वजनिक सेवा प्रवाहमा सुधार, संस्थागत सुदृढीकरण , नागरिकमैत्री शासनको स्थापना र भ्रष्टचार नियन्त्रण स्थानीय सरकारको मुख्य जिम्मेवारी हो । परम्परागत सामाजिक मूल्य र संरचनामा आएको परिवर्तनसँगै हाम्रो सेवा प्रवाह चुस्त,दुरुस्त, प्रभावकारीता पारदर्शिता प्रवर्द्धन गर्दै सेवा प्रवाहलाई सूचना प्रविधिसँग जोड्न सकिएन भने युग अनुसारको सेवा प्रवाह हुन सक्ने अवस्था रहदैन ।

सङ्घ तथा प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३।०८४ मा लिएका राष्ट्रिय तथा प्रादेशिक नीति तथा कार्यक्रमसँग तादम्यता कायम गर्दै नीति, कानून, संस्था, पद्धति, प्रकृया, नेतृत्व र समग्र पक्षको सुशासनका मानक स्थापित गर्न हामी प्रतिवद्ध छौं। यस नगरपालिकामा हुने नीतिगत अन्यौलता, ढिलासुस्ती, संस्थागत लापरवाही र स्रोत साधनको उचित पहिचना, न्यायोचित वितरण र कुशल परिचालन नहुने प्रणालीलाई अन्त्य गर्दै सेवाग्राही र सेवाप्रदायक निकायबीच अन्तरसम्बन्ध स्थापित गर्नु आजको आवश्यकता हो ।

संविधान प्रद्धत मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, स्थानीय तहका साझा र एकल अधिकारका विषयहरु र तिलागुफा नगरपालिकाको विकासको वर्तमान अवस्थालाई मध्यनजर गर्दै **"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन,र सञ्चार समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"** भन्ने नारालाई साकार पार्न यस नगरपालिकाले प्रथम पञ्चवर्षिय आवधिक योजना(२०८१।०८२ – २०८५।०८६ )मार्फत लक्षित गरिएका बहुआयामिक विकासका नमूनाहरुलाई आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट, नीति तथा कार्यक्रम निर्माणको मार्गदर्शक सिद्धान्त तथा प्राथमिकतामा लिएको छु ।

**सभाध्यक्ष ज्यू,**

१. अब म नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाका क्रममा देखिएका समस्या तथा चुनौतीहरुको सम्बन्धमा संक्षिप्तमा प्रस्तुतिकरण गर्ने अनुमति चाहान्छु ।

क. भौगोलिक विकटता ,

ख. सिमित श्रोत साधनका बावजुद असिमित आवश्यकताहरु सम्बोधन गर्नु पर्ने अवस्था,

ग. न्यून आन्तरिक आम्दानी तथा प्रतिवद्धता अनुसारको बजेट प्राप्त नहुनु,

घ. विकास प्रति सबै दलहरु लगायत सरोकारवालाहरुको साझा बुझाई र प्रतिवद्धता न्यून हुन तथा जनसहभागिता कमजोर हुनु,



तिलागुफा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गाम, कालिकोट कर्णाली प्रदेश नेपाल २०७३

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

ङ. विभिन्न तह र क्षेत्रको बजेट विच तादम्यता कायम नहुनु ,

च. समुदाय स्तरमा हस्तान्तरित आयोजनारुको नियमित मर्मत सम्भार नहुनु ।

उल्लेखित समस्या तथा चुनौतीहरुको सामना गर्दै नगरपालिकालाई गतिशिल, विकाससिल र आत्मनिर्भर बनाउन आगामी आर्थिक वर्ष २०८३।०८४ को बार्षिक बजेट, नीति तथा कार्यक्रमले लिएका तपसिलका सोच,उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्न अनुमति चाहान्छु ।

**२. बजेटको सोच :**

**" समृद्ध,आत्मनिर्भर, गतिशिल, विकसित र न्यायपूर्ण तिलागुफा निर्माण "**

समृद्ध, आत्मनिर्भर र न्यायपूर्ण स्थानीय तह निर्माण गर्दै नागरिकलाई सहज, गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह गर्ने साथै स्थानीय तहमा कृषि, पर्यटन, स्थानीय तहको उत्पादकत्व पर्वद्धन, गुणस्तरीय शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा, आर्थिक विकास, सुशासन पारदर्शिता र जवाफदेहीता, वातावरण संरक्षण र दिगो विकास, समावेशी विकास (महिला,दलित, जनजाति, विपन्न वर्ग) गर्दै पूर्वाधारको विकास र रोजगारका अवसरहरुको क्षेत्रगत पहिचान गरी सोको बजारीकरण प्रणाली मार्फत नगरवासीहरुको आर्थिक सशक्तिकरणको माध्यमबाट गुणस्तरीय जीवनयापनमा अपेक्षित प्रतिफल ल्याउने सोच लिइएको छ ।

**३. बजेटका उद्धेश्यहरु देहाय बमोजिम रहेका छन :**

क. रोजगारमूलक कार्यक्रम मार्फत रोजगारी सिर्जना, आर्थिक वृद्धि तथा नागरिकलाई आत्मनिर्भर बनाउने,

ख. स्थानीय स्रोत र सीपको अधिकतम सदुपयोग गरी दिगो तथा फराकिलो आर्थिक वृद्धि हाँसिल गर्दै गरिबी न्यूनीकरणमा योगदान पुर्‍याउने ,

ग. ज्येष्ठ नागरिक, महिला, दलित, बालबालिका, फरक क्षमता भएका व्यक्ति पिछडिएको वर्ग तथा समुदायको समानुपातिक विकासमा जोड दिइ उपलब्ध श्रोत साधनहरुलाई न्यायोचित वितरण गर्दै समावेशी र दिगो विकासको अवधारणा आत्मसात गर्ने ,

घ. पर्यटकीय गन्तव्यको पहिचान तथा विकास गरी पर्यटन पर्वद्धनमा जोड दिने ,

ङ. विकास सहयात्रीहरु सँगको निरन्तर सहकार्य मार्फत रोजगारीका अवसरहरु सिर्जना गर्ने ।

च. आर्थिक, भौतिक, सामाजिक र वातावरणीय क्षेत्रमा दीगो पूर्वाधार विकास मार्फत समुन्नत र सुदृढ नगर बनाउने ।

तिलागुफा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गाल्जे,कालीकोट कर्णाली प्रदेश नेपाल २०७२

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

छ. सार्वजनिक प्रशासनमा सुधार गरी सुशासन कायम र सार्वजनिक खर्चमा मितव्ययीता पारदर्शीता र प्रभावकारीता ल्याउने ।

ज. विपद् जोखिम न्यूनीकरण सम्बन्धी आवश्यक पूर्वाधार तयार गर्ने ।

झ. रैथाने वालीहरुको संरक्षण प्रवर्द्धन र बजारीकरण गर्दै कृषिमा आत्मनिर्भर नगरपालिका घोषणाको अभियान साकार पार्ने ।

ञ. स्थानीय कृषकहरुको मौसमी तथा बेमौसमी कृषि उपजहरुको सहज बजार पहूँच सुनिश्चत गर्न ११ वटै वडाहरुलाई स्थानीय कृषि सडक सञ्चालमा जोड्ने ।

ट. स्थानीय राजस्व वृद्धि र वित्तीय अनुशासन कायम गर्ने ।

ठ. नगर र गाँउको दिर्घकालीन सम्वृद्धिको आधार तयार गर्ने ।

ड. शिक्षा, स्वास्थ्य, खानेपानी सरसफाई लगायत आधारित सेवामा सुधार गर्ने ।

**४. बजेटका प्राथमिकताहरु देहाय बमोजिम रहेका छन्:**

क. बजारको माग र आवश्यकताको आधारमा उत्पादनशिलता,उद्यमशिलता र आर्थिक समुन्तिको लागि दिगो रोजगारी तथा उद्यमशीलताको प्रवर्द्धन ,

ख. आर्थिक विकास तथा गरिबी न्यूनीकरण,

ग. उत्पादनमूलक र द्रुत प्रतिफल ,

घ. महिला, बलबालिका,जेष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति र पछाडि परेका व्यक्तिको उत्थान

ङ. दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापन ,

च. गुणस्तरीय, समावेशी दिगो तथा सहभागीतामूलक पूर्वाधार विकास,

छ. प्रविधिमा आधारित कृषि प्रणाली, बजारीकरण, विविधिकरण र पर्यटन प्रवद्धन,

ज. जनमूखी सार्वजनिक प्रशासन सदाचारिता प्रर्वद्धन र पालिकाको शासकीय सुधार,

झ. समयसापेक्ष प्रविधियुक्त मानवसंशाधन विकास र प्रभावकारी सेवाको विस्तार,

ञ. मानवसंशाधनको वृत्तिविकास, सेवा सुविधा र न्यायोचित परिचालन ,

ट. पर्यटन, संस्कृति र स्थानीय कला संरक्षण ,

ठ. सुशासन,डिजिटल सेवा र संस्थागत क्षमता विकास ,



शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

सभाध्यक्ष ज्यू,

अब म आगामी आ.व. २०८३।०८४ को बार्षिक बजेट,नीति तथा कार्यक्रम निर्माण गर्दा नगरपालिकाले लिएका कानूनी आधार तथा नगरपालिकाका विकासका सम्भावनाहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु।

५. बजेट निर्माणका कानूनी आधारहरु :

क. नेपालको संविधानमा व्यवस्था भएका राज्यका निर्देशक, सिद्धान्त, नीति तथा दायित्व र मौलिक हक सम्बन्धि व्यवस्थाहरु,

ख. संविधानले निर्दिष्ट गरेका एकल तथा साझा अधिकार सूचीहरु,

ग. स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ,

घ. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ ,

ङ. संघ, प्रदेश र स्थानीय तह ( समन्वय तथा अन्तर सम्बन्ध) ऐन २०७७ ,

च. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ ,

छ. नेपाल सरकार र प्रदेश सरकारको आगामी आ.व २०८३।०८४ को नीति तथा कार्यक्रम र बजेट,

ज. स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन,२०७४ ,

झ. नगरपालिकाको ऐन,नियम, निर्देशिका, कार्यविधि र मापदण्ड ,

ञ. नेपाल सरकारको १६ औं पञ्चवर्षिय योजना २०८१-२०८२ देखि२०८५-०८६सम्म

ट. दिगो विकास लक्ष्य २०१६ देखि २०३० सम्म,

ठ. कर्णाली प्रदेश सरकारको दोस्रो पञ्चवर्षिय आवधिक योजना ।

ड. नगरपालिकाको प्रथम पञ्चबर्षीय आवधिक योजना २०८१।०८२देखि २०८५।०८६,

ढ. राष्ट्रिय जनगणना,२०७८ को प्रतिवेदनहरु ,

ण. तिलागुफा नगरपालिकाका सबै विषयगत समितिबाट प्राप्त सुझावहरु तथा निर्णयहरु ,

त. नगर कार्यपालिका तथा नगर सभाका निर्णयहरु ,

थ. संङ्घीय र प्रदेश सरकारबाट प्राप्त विभिन्न क्षेत्रगत बजेटसिमा,

द. नगरपालिकासँग साझेदारी गर्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाबाट प्राप्त बजेट तथा कार्यक्रम,

ध. सर्वदलीय सर्वपक्षीय समीक्षात्मक बैठकबाट प्राप्त राय सुझाव तथा पृष्ठपोषण ।



तिलागुफा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गाल्जे,कालीकोट कर्णाली प्रदेश,नेपाल २०७३

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

६. **पालिकामा रहेका विकास सम्भावनाहरु :**

क. कृषि तथा पशुपालन विकास :

- स्थानीय बाली, फलफूल, तरकारी, पशुजन्य उत्पादन वृद्धि, तथा मौरीपालन व्यवसायबाट अर्थोपार्जन ।

ख. पर्यटन विकास :

- धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा साहसिक पर्यटन प्रवर्द्धन।

ग. जलस्रोत तथा सिँचाइ विकास :

- खानेपानी, सिँचाइ, जलविद्युत् तथा नदीजन्य स्रोतको उपयोग।

घ. पूर्वाधार विकास :

- सडक, पुल, भवन, बजार, सञ्चार र विद्युत् विस्तार।

ङ. स्थानीय उद्योग तथा उद्यमशीलता :

- घरेलु उद्योग, प्रशोधन उद्योग र रोजगारी सिर्जना।

च. शिक्षा र सीप विकास :

- गुणस्तरीय शिक्षा, प्राविधिक तथा व्यावसायिक तालिम।

छ. स्वास्थ्य र सामाजिक विकास

- स्वास्थ्य सेवा विस्तार, पोषण र सामाजिक सुरक्षामा सुधार।

ज. वन तथा वातावरण संरक्षण

- वन, जडीबुटी, जैविक विविधता र वातावरणीय स्रोतको उपयोग।

झ. मानव स्रोत र युवा शक्ति परिचालन

- युवालाई सीप, रोजगारी र उद्यमसँग जोड्ने।

ञ. सुशासन र डिजिटल सेवा :

- प्रविधिमैत्री,पारदर्शी र प्रभावकारी सेवा प्रवाह

**सभाध्यक्ष ज्यू,**

अब म आर्थिक वर्ष २०८३।०८४ को बजेटले लिएका क्षेत्रगत नीति, योजना तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु।

७. **आर्थिक विकास :**

तिलागुफा नगरपालिकाको समृद्धिको मानक कृषि क्षेत्र हो।कृषिमा आधारित स्थानीय उत्पादन,उत्पादकत्व, उद्यमशीलता र मूल्य अभिवृद्धिको माध्यमबाट ग्रामीण अर्थतन्त्रलाई गतिशिल



तिलागुफा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गाल्जे, कालिकोट कर्णाली प्रदेश २०७३

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

बनाउदै स्थानीय स्तरमै रोजगारीको अवसर सिर्जना गरी कृषकको श्रमलाई सम्मान उत्पादनलाई प्रोत्साहन र बजारीकरणको सुनिश्चतता गर्दै कृषिमा आत्मनिर्भरता सहितको पालिका समृद्धिको लक्ष्य हाँसिल गर्न यस क्षेत्रमा देहायका कार्यक्रम तथा बजेट विनियोजन गरिएको छ :-

क. कृषिको आधुनिकरण, यान्त्रिकरण, उत्पादन लागत न्यूनीकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धिको लागि पऱ्यास बजेट विनियोजन गरिएको छ ।

ख. खाद्यान्न बालीको गुणस्तरिय विउमा नगरलाई आत्मनिर्भर बनाउन कृषकहरुलाई आवश्यक तालिम र प्रशोधन सामाग्रीहरु वितरण गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

ग. कृषि खेतीलाई व्यवसायिक बनाउनको लागि पकेट तथा ब्लक कार्यक्रम मार्फत उच्च मुल्यका वाली वस्तुको उत्पादन वृद्धि गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

घ. तिलागुफा नगरपालिकालाई स्याउ, ओखर,सिमि,आलु, कालो मार्सि,रातो मार्सि धान उत्पादन जोनको रुपमा बिकास गरी ब्राण्डिङ्ग गरिनेछ ।

ङ. पालिकामा आर्थिक विकासको सम्भावना बोकेका जलविद्युत,जलाशय, सिंचाई, खानेपानी आयोजनालाई समेटर एकीकृत जल विकास रणनैतिक योजना तर्जुमा गरी कृषि योग्य जमिनमा आधुनिकरण तथा उपयुक्त प्रविधि मार्फत सिंचाई सुविधा विस्तार गरिनेछ ।

च. काँध हुँदै बञ्चु सडक निर्माण योजनाको लागि रु १ करोड ७७ लाख बजेट विनियोजन गरिएको छ ।

छ. तिलागुफा नगरपालिका भित्र रहेका धार्मिक , ऐतिहासिक तथा सांस्कृतिक महत्त्वलाई पर्यटनसँग जोड्न 'टुरिस्ट सर्किट' निर्माण र पदमार्गहरूको सुधार गरिनेछ।

ज. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ लघु उद्यमीहरु मार्फत उत्पादनलाई निरन्तरता गर्न रु १६ लाख विनियोजन गरि पालिकाको साझेदारी स्रोत समेत सुञ्चित गरिएको छ ।

झ. लघु उद्यमीहरुको स्तरोन्नती गर्न पुनर्ताजगी तथा एडभान्स सीप विकास तालिमलाई निरन्तरता दिदै लघु उद्यम विकास मोडेलमा नयाँ उद्मीहरु सिर्जना गर्ने कार्यमा आवश्यक बजेट विनियोजन गरिएको छ।

ञ. रोजगारमुलक कार्यक्रम सञ्चालन गरी विदेश पलायन हुने यूवाहरुको संख्यालाई न्यूनीकरण गर्न विभिन्न सिप विकास तथा आयआर्जन सम्बन्धी तालिमको व्यवस्था मिलाईएको छ ।



तिलागुफा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गाल्जे,कालीकोट कर्णाली प्रदेश,नेपाल २०७३

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

ट. दिगो रोजगारी सिर्जना तथा उद्यमशिलता प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राखेर आ.व.२०८३/०८४ लाई "तिलागुफा मिसन रोजगारी" अभियानको रुपमा दिगो रोजगारी तथा उद्यमशिलता प्रवर्द्धन अभियानका लागि रु २५ लाख विनियोजन गरिएको छ ।

ठ. नगरपालिकभित्र श्रम बजार, उपलब्ध साधन स्रोत र रोजगारको प्रकृति अध्ययन गरी पालिकास्तरिय रोजगार रणनीति योजना तयार गर्न आवश्यक बजेटको प्रबन्ध मिलाईने छ ।

ड. पालिकामा रहेको वैदेशिक रोजगारलाई न्यूनीकरण गर्न डिजिटल श्रम तथा रोजगार प्रणाली मार्फत स्थानीय उत्पादन र उद्यमशीलताको माध्यमबाट रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास उद्यमशीलता प्रवर्द्धन र पुन:एकीकरण जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिदै रोजगारी सिर्जना एवं प्रवर्द्धन सम्बन्धी सरोकारवाला पक्षहरुसँग रणनैतिक संवाद तथा छलफलका कार्यक्रमहरु कार्यान्वयन गरिने छ ।

ढ. पालिकामा कृषिजन्य वस्तुहरुको उत्पादन,विक्रि वितरण र प्रवर्द्धन गर्दै कृषि, पशु, श्रम, रोजगार, उर्जा सिंचाईमा संघ, प्रदेश र संघसंस्था मार्फत आगामी आ.वको लागि प्रस्ताव गरिएका योजना तथा कार्यक्रमहरुको लागि नगरपालिकाको दायित्वमा पर्ने साझेदारी रकम विनियोजन गरिएको छ ।

ण. यस नगरपालिकामा पशुपंछीजन्य महामारी तथा आकस्मिक रोग नियन्त्रणका लागि आन्तरिक तथा बाह्यय परजिवि नियन्त्रण प्रणालीलाई व्यवस्थित गरिनेछ ।

त. पशु सेवा केन्द्रलाई थप साधन स्रोत सम्पन्नं बनाउन आवश्यक उपकरणहरु खरीद गर्न बजेट विनियोजन गरिएको छ ।

## ८. सामाजिक विकास

तिलागुफा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा सामाजिक विकास क्षेत्रलाई प्राथमिकता राख्न अति सान्दर्भिक देखिन्छ। नगरपालिकाको भौगोलिक र सामाजिक अवस्थालाई मध्यनजर गर्दे सामाजिका विकासतर्फ समावेश गर्न सकिने मुख्य नीतिगत व्यवस्थाहरु देहाय बमोजिमको व्यवस्था गरिएको छ :-

क. राम्रो स्वास्थ्य, हाम्रो सम्पती (Our Good Health is Better Wealth) भन्ने अवधारणालाई आत्मसात गरी क्रमशः सवै वडाहरुमा विशेषज्ञ सेवालाई क्रमागत शिविरको रुपमा विकास गरिनेछ ।



शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

ख. नगर अस्पताल, राँचुलीको स्तरोन्नती गरी विशेषज्ञ स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन आवश्यक जनशक्ति, भौतिक पूर्वाधार, औषधी तथा उपकरणको व्यवस्थाका लागि पर्याप्त बजेट विनियोजन गरेको छु ।

ग. बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन तथा सुनौलो हजार दिनका विपन्न महिलाको पोषण सुधारका लागि आय आर्जन अनुदानका कार्यक्रमहरुलाई निरन्तरता दिदै आगामी आर्थिक वर्षमा रु ४० लाख बजेटको व्यवस्था मिलाएको छ ।

घ. नगरपालिका भित्र स्थापित स्वास्थ्य संस्था मार्फत परिवार कल्याण कार्यक्रम अन्तर्गत प्रजनन् रुग्णता स्वास्थ्य सेवा, परिवार योजना सेवा, परिवार स्वास्थ्य सेवा र पोषणको स्थितिमा सुधार गर्दै मातृ तथा नवजात शिशु कार्यक्रम,आमा सुरक्षा,गर्भवती उत्प्रेणा सेवा, रक्त सञ्चार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क स्वास्थ्य उपचार कार्यक्रमको लागि रु ३८ लाख बजेट व्यवस्था गरिएको छ ।

ङ. घरदैलो आधारभूत स्वास्थ्य सेवाको पहूँच सुञ्चित गर्न आगामी आर्थिक वर्ष २०८३।०८४ देखि "निशुल्क घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रम सेवा विस्तारका लागि बजेट विनियोजन गरिएको छ ।

च. गुणस्तरीय स्वास्थ्य सेवा हाम्रो प्रतिवद्धता भन्ने मान्यतालाई आधार मानी सवै वडामा रहेका स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारमा सुधार गरी समयानुकुल स्तरोन्नती गर्दै उपलब्ध स्रोत साधनलाई पूर्णता दिदै निःशुल्क औषाधि उपचारको नियमित आपूर्तिको सुनिश्चतता गरिने छ ।

छ. नगर अस्पताल राँचुलीमा स्वास्थ्य विमा कार्यक्रम लागु गरिनेछ जसलाई आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

ज. नगर अस्पताल र वर्थिङ्ग सेन्टरहरुमा टायल फ्लोरीङ्ग गर्न नगर पालिका र साझेदार संस्थाहरुसँग समन्वय गरी कार्यान्वयन गरिएको छ ।

झ. वडाहरुमा रहेका आधारभूत स्वास्थ्य इकाइको स्तरोन्नती गरी बर्थिङ्ग सेन्टर सञ्चालका लागि पहल गरिनेछ ।

ञ. तिलागुफा नगरपालिका भित्र रहेका सिमान्तकृत समुदायका बालबालिका अपाङ्गता भएका बालबालिका र पिछडिएका बालबालिकालाई थप शैक्षिक सामाग्री तथा छात्रवृत्ति प्रदान गरिनेछ ।

तिलागुफा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गाल्जे, कालीकोट कर्णाली प्रदेश नेपाल २०७३



शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

ट. जेष्ठ नागरिक हाम्रो इतिहास भन्ने नारालाई सार्थकता दिन ८४ वर्ष उमेर पूरा भएका जेष्ठ नागरिकलाई जेष्ठ नागरिक दिवसको अवसरमा सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ।

ठ. महिला , बालबालिका, जेष्ठ नागरिक , अपाङ्ग, पिछडिएको वर्ग, दलित , एकल महिला , द्बन्द पिडित नागरिकको सम्मान, प्रवर्द्धन र सशक्तिकरणमा आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

ड. एक घर एक खानेपानी धारा निर्माण कार्यलाई निरन्तरता दिदै नगर भित्र सञ्चालित खानेपानी तथा सरसफाई आयोजनाहरुको मर्मतसंभार तथा दिगो व्यवस्थापन गरिनेछ।

ढ. पालिकाको खानेपानी तथा सरसफाइ क्षेत्रको संस्थागत स्व:मूल्याकंन गरी नतिजाका आधारमा आवश्यक सुधार गरिनेछ ।

ण. दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरी दिगो विकास लक्ष्य नं ६ बमोजिम सन २०३० सम्म सबैका लागि शिक्षा दिगो र सुरक्षित खानेपानी सुनिश्चितता गर्ने आवश्यक नीति तथा कानूनहरुको तर्जुमा गरिनेछ ।

त. पालिकाले जलउपयोग गुरुयोजना अनुसार प्राथमिकीकरण भएका विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका बहुउपयोगी जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई खानेपानी सरसफाई तथा स्वच्छता ऐन बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई पालिकास्तरमा NWASH Application मार्फत खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

थ. गुणस्तरी शिक्षा तथा खेलकूद हाम्रो अभिभारा भन्ने मूल मन्त्रलाई आत्मसाथ गर्दै मालिका मा.वि नारायणीचौर र नैनलदेव मा.वि ओखरभिट्टालाई रु २ करोड ३ लाख बजेटको व्यवस्था गरिएको छ ।

द. आधारभूत तथा माध्यमिक शिक्षामा पहूँचको सुनिश्चितता कायम गर्न निशुल्क पाठ्यपुस्तक वितरण,भौतिक पूर्वाधार विकास,दिवा खाजा व्यवस्थापन,छात्रवृद्धि वितरण, सेनेटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिदै नगरपालिकाको स्रोतबाट सञ्चालित सामुदायिक विद्यालयको स्तरोन्नती तथा जनशक्ति व्यवस्थापनको लागि बजेट विनियोजन गरिएकोछ ।

ध. खेलकूद जगत समग्र विकासका लागि क्रिकेट,फुटवल,भलिवल लगायत अन्य विधाका लागि पर्याप्त बजेट विनियोजन गरि कार्यान्वयन गरिनेछ ।



तिलागुफा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गाल्जे, कालीकोट कर्णाली प्रदेश नेपाल २०७३

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

न. नगरपालिका क्षेत्र भित्र कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक तथा कर्मचारीलाई सम्मान तथा पुरस्कृत गरिने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

ऩ. तिलागुफा नगरपालिका भित्र रेहका विद्यालयहरुलाई डिजिटल प्रविधिमैत्री वनाउन कम्प्यूटर लगायतका उपकरण उपलब्ध गराउने नीतिलाई निरन्तरता दिदै उपकारहरु हस्तान्तरण गर्ने नीति लिइएको ।

प. यस तिलागुफा नगरपालिका भित्रका जुनसुकै घर परिवारमा मृत्यु हुन गएमा काजक्रिया खर्च वापत रु १०हजार दिने कार्यक्रमको लागि आर्थिक सहायता कोषको व्यवस्था मिलाईनेछ ।

फ. दलित समुदायको ज्ञान सिप र क्षमताको अभिवृद्धि गर्दै पेशाको आधुनिकरण तथा व्यवसायीकरण प्रणाली मार्फत जीविकोपार्जन आर्थिक समृद्धि, सामाजिक प्रतिष्ठा एवं सम्मान अभिवृद्धि गर्न मेयरसँग दलित आय आर्जन कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

ब. लैङ्गिक हिंसामा परेका महिला तथा वालवालिकाको उद्धार, संरक्षण र पुर्नस्थापनाका लागि सुरक्षित आवास सेवा केन्द्र गाल्जे तथा जिल्लालाई प्रदान गरिदै आएको अनुदानलाई निरन्तरता दिदै दिर्घकालीन पुर्नस्थापनामा अनुदान उपलब्ध गराउन आवश्यक बजेट व्यवस्था गरेको छु ।

भ. ज्येष्ठ नागरिकको सहज, सरल, सम्मानपूर्वक जीवनयापनको लागि वृद्धाश्रम तथा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र लगायतका लोककल्याणकारी सामुदायिक सेवा केन्द्रहरुको संचालन गरिनेछ ।

म. पालिका भित्र परम्परागत शैलीमा रहेका कला संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्दै स्थानीय हुड्के नाँच, झोडामागल, धामीझाक्री नाँच र देउडा जस्ता कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको प्रवन्ध मिलाइएको छ ।

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

तिलागुफा नगरपालिका नगर कार्यपालिकाको कार्यालय
गाल्जे, कालीकोट
कर्णाली प्रदेश नेपाल
२०७३

सभाध्यक्ष ज्यू,

९. पूर्वाधार विकास :

क. आ.व २०८२।०८३ मा सञ्चालित क्रमागत आयोजनाहरुलाई भौतिक प्रगतिको आधारमा निरन्तरता दिइने छ ।

ख. नगरपालिकाको प्रथम पञ्चवर्षिय आवधिक योजना र सडक गुरुयोजनाले निर्दिष्ट गरेका पानीखाल देखि चिमलचौर सम्म सडक, नाग्म चिमलचौर सडक, गाल्जे चिल्खाया सडक, तोलिभिड सडक, रुम्तला झी. सडक, काँधहुँदै बञ्चु सडक निर्माण योजना हरिचौर काँध सडक,नारुपानी छाप्रे, छाप्रे नारुपानी र पाखेढुङ्गा देखि महादेव मन्दिर सम्म सडक निर्माण लगायत स्थानीय अन्य ग्रामीण तथा कृषि सडकहरुको स्तरोन्नती गरी निर्माण, ग्राभेलिङ्ग र नाला विस्तारको लागि रु ७ करोड ५६ लाख बजेट व्यवस्था गरिएको छ ।

ग. कर्णाली राजमार्ग देखि वडाहरु सम्म जाने सडकहरुलाई पहिलो प्राथमिकतामा राखी स्तरोन्नतिको कार्य गरिनेछ ।

घ. नगर स्तरीय सडक गुरु योजनालाई पूर्णता दिई यथाशिघ्र कार्यान्वयन गरिनेछ।

ङ. नगरपालिकाका ११ वटै वडाहरु मध्ये राष्ट्रिय विद्युत प्रशारण लाईनसँग जोडिन बाँकी रहेका वडा तथा टोल बस्तीहरुमा विद्युतीकरण गर्न कार्यलाई निरन्तरता र संम्भव नदेखिएको नगरपालिकाका बस्तीहरुमा सौर्य प्रणाली मार्फत विद्युतीकरण गरिने छ ।

च. मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाहरुको निरन्तरता दिदै गुणस्तरीय पूर्वाधार निर्माण तथा दिने रोजगारी प्रवर्द्धन व्यवस्थित गरिनेछ ।

छ. भौतिक पूर्वाधार आयोजनाहरुको आयोजना स्थलमा सार्वजनिक सुनुवाई र सार्वजनिक समिक्षा कार्यक्रमहरुको प्रभावकारी रुपमा कार्यान्वयन गरिने ।

ज. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP)मार्फत विगत आ. व देखि सञ्चालित आयोजनाहरुको मर्मत सम्भार तथा दिगो व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु र बर्हिगमन हुने अवस्थामा रहेको यस परियोजनाले नगरपालिकाको पूर्वधार विकासमा पुऱ्याएको योगदान प्रति उच्च कदर गर्दै आभार प्रकट गर्दछु ।

झ. तिलागुफा नगरपालिका अन्तर्गत विभिन्न वडाबाट कर्णाली राजमार्गसँग सडक जोड्न र कर्णाली राजमार्ग विच तिला नदीको माथि वडा नं २ मुजंउ, वडा नं ६ गाल्जे , वडा नं ९ भैसीगौडा जोड्ने मोटरेवल पुल निर्माणका लागि बजेट सुनिश्चितता गरिनेछ ।



तिलागुफा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गाल्जे,कालीकोट कर्णाली प्रदेश नेपाल २०७३

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

ञ. नगरपालिका भित्र निर्माण हुने पूर्वाधार आयोजनाहरुको निर्माण कार्य सञ्चालन गर्दा हरित पुनर्लाभ तथा समावेशी विकास पद्धतिको पूर्ण अवलम्बन गरी आयोजनाहरुलाई जलवायु उत्थानशिल,श्रम केन्द्रित,नतिजामूखी र दिगो रुपमा विकास गर्ने नीतिलाई अवलम्वन गरिएको छ ।

ट. नगरबासीले परम्परागत शैलीमा प्रयोग गर्दै आएको चुलो चौको र खरको छानायुक्त आवास गृहलाई निरुत्साहित गर्दै धुवारहित सुधारिएको चुलो र खरको छानामुक्त आवास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१०. **वन वातावरण तथा विपद् व्यवस्थापन**

क. कर्णाली प्रदेश सरकारको घर विमा कार्यक्रममा लागत साझेदारीका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

ख. विपद् प्रभावित निजि आवास, प्रवलीकरण, पुन निर्माण तथा पुर्नस्थापनाको लागि लागत साझेदारीलाई निरन्तरता दिन आवश्यक बजेटको प्रबन्ध मिलाइएको ।

ग. सम्भावित प्राकृतिक प्रकोप तथा विपद्बाट हुने दुर्घटनाको पूर्व तयारीको लागि सन्देशमूलक कार्यक्रम sms alert प्रणाली कार्यान्वयनमा ल्याईनेछ ।

घ. जलवायु परिवर्तनको असरले लोप हुँदै गएका ,अतिक्रमित सामुदायिक कुवा नाउला, पार्टीपौवा, मठ मन्दिर, मुग्राहा, चरिचरण, सिमसार क्षेत्र, पाटन,ऐतिहासिक गुफा, सामुदायिक तथा राष्ट्रिय वनको संरक्षण पुर्निर्माण र पुर्नस्थापनाको लागि सरोकारवाला पक्षहरुसँग सहकार्य, समन्वय गरी विशेष प्याकेजमा कार्यक्रम सञ्चालन गरिनेछ ।

ङ. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ र विपद् जोखिम तथा प्रतिकार्य योजना २०७९ ले निर्दिष्ट गरेका नीति तथा कार्यक्रमलाई अवलम्बन गर्दै यस नगरपालिकामा हुन सक्ने सम्भावित, मौसमी तथा बेमौसमी प्राकृतिक प्रकोप तथा विपद्को व्यवस्थापन गर्न आवश्यक पर्ने स्रोत साधन सहित स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) लाई थप सशक्तिकरण गरिनेछ ।

च. अतिक्रमण गरिएका सार्वजनिक जग्गाहरुको पहिचान, अभिलेखीकरण, कबुलियतिनामा र स्वामित्वमा हस्तान्तरण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

छ. यस नगरपालिकामा पाइने मौसमी तथा बेमौसमी जडीबुटीहरुको स्रोत सर्वेक्षण गरी स्रोतको पहिचान, उत्खनन् आयात निर्यात तथा प्रशोधन कार्यको लागि प्रशोधन केन्द्रहरु स्थापना गरिनेछ ।



तिलागुफा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गाल्जे,कालीकोट कर्णाली प्रदेश नेपाल २०७३

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

ज. बाह्रै महिना विभिन्न बस्तीहरुमा हरियाली बनाउन एक घर एक वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

झ. नगरपालिका स्तरीय खानेपानी सरसफाई,ढल निकास तथा फोहोरमैला व्यवस्थापनका लागि ठोस नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

११. **सार्वजनिक सेवा र सुशासन**

क. नगरपालिकाको दिगो विकासलाई संस्थागत गर्न नगर स्तरीय आयोजनाहरुको क्षेत्रगत परियोजना बैंक निर्माण गरी लागु गर्न आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

ख. तिलागुफा नगरपालिकाको LGPAS मा लेखिएका कमजोर र सबल पक्षको पहिचान गर्दै कार्ययोजना निर्माण गरी संस्थागत सुधारलाई निरन्तरता दिइनेछ ।

ग. नागरिकको सूचनाको हक सुनिश्चत गर्दै तिलागुफा नगरपालिका भित्रको मुख्य स्थानहरुमा स्थान जानकारी पाटी Location Information Board, GIS Map को व्यवस्था,कानून बमोजिम स्वत: प्रकाशन गरिनेछ ।

घ. तिलागुफा नगरपालिकाको डिजिटल नगर प्रोफाइल निर्माण कार्यलाई आवश्यक बजेट विनियोजन गरिएको छ ।

ङ. नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको पेशागत क्षमता अभिवृद्धि गर्न अन्तर जिल्ला अध्ययन अवलोकन भ्रमण र सिकाई आदान प्रदान जस्ता कार्यक्रमहरु आयोजना गरी लागु गरिने छ ।

च. "विवाद समाधानमा न्यायिक समित" भन्ने मूल मर्मलाई आत्मसाथ गर्दै नगरपालिका तहको विवादलाई नगर पालिका स्तरमा छलफल, वार्ता,आपसी समझदारी र मेलमिलाप विधिबाट न्यायिक मान्य सिद्धान्तको अधिनमा रही समाधान गर्दै न्यायिक प्रणालीलाई स्वतन्त,निशपक्ष,पहुँचयोग्य र विश्वशनीय बनाईनेछ ।

छ. कार्यालयका सम्पूर्ण सूचनाहरुलाई व्यवस्थित गर्नका लागि सूचना केन्द्रलाई थप व्यवस्थित गरिने छ ।

ज. न्यायिक समितिको काममा चुस्त,दुरुस्त,गुणस्तर तथा गोपनियता ल्याउनको लागि व्यवस्थित इजलासको निर्माण तथा न्यायिक मामिला व्यवस्थापन प्रणालीको शुरुवात गरिने छ ।

झ. नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालय, स्वास्थ्य संस्था आधारभूत स्वास्थ्य केन्द्र र नगर अस्पताल मार्फत दिने सेवालाई डिजिटलाइजेसन प्रणालीमा आवद्ध गर्न बजेट व्यवस्था गरिएको छ ।



तिलागुफा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गाल्जे,कालीकोट कर्णाली प्रदेश नेपाल २०७३

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

ञ. सार्वजनिक सुनुवाई,सामाजिक परिक्षण,नागरिक सन्तुष्टि सर्वेक्षण जस्ता सुशासन प्रवर्द्धनका औजारहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

ट. स्थानीय सरकार सञ्चालन ऐन २०७४ र संविधानले निर्दिष्ट गरेका एकल अधिकार र साझा अधिकार सूचीहरुको कार्यान्वयनका अतिरिक्त सङ्घीय सरकारबाट प्रत्योजित भूमि व्यवस्था तथा मालपोत सम्बन्धी जग्गाको रजिष्ट्रेशन, नापी, नक्शा र उद्योग तथा व्यवसायीहरुको दर्ता नविकरण, करचुक्ता, स्थायी लेखा नम्बर वितरण लगायतका कार्यहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

ठ. सामुदायिक विद्यालयहरुको लेखाङ्कन प्रणालीलाई अनिवार्य रुपमा सूचना प्रविधिमा आधारित बनाइनेछ ।

ड. तिलागुफा नगरपालिका भित्र सञ्चालित उद्योग तथा व्यवसायहरुलाई तिलागुफा नगरपालिकाको आर्थिक ऐन २०८३ बमोजिम करको दायरामा ल्याउन फर्म तथा व्यवसाय सूचिकृत गर्ने कार्यलाई थप प्रभावकारी बनाईने छ ।

ढ. नगरपालिकाले प्रवाह गर्ने सेवा सुविधा प्रति नागरिकको सन्तुष्टि मापन गर्ने अभ्यासलाई अवलम्वन गरी गुनासो सङ्कलन, सुनुवाई र सम्बोधनका लागि सूचना तथा गुनासो ईकाईलाई थप क्रियाशिल बनाईनेछ ।

ण. कार्यालयको कामकाजको शिलशिलामा नियमित फिल्डमा खटिने प्राविधिक कर्मचारीहरुको लागि फिल्ड भत्ता, अस्पताल र बर्थिङ्ग सेन्टरमा कार्यरत कर्मचारीहरुको लागि रात्रीकालीन जोखिम भत्ता र नगर अस्पतालमा कार्यरत स्वास्थ्य कर्मचारीहरुको लागि आवास भत्ता र प्राविधिक बाहेकका अन्य कर्मचारीहरुको लागि खाजा भत्ता उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छ ।

त. तिलागुफा नगरपालिकाको स्वीकृत दरबन्दीमा अविछिन्न रुपमा कार्यरत अस्थायी करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरी नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम समान तहका कर्मचारीहरुले खाईपाई आएको तलब, स्थानीय भत्ता, महंगी भत्ता, प्रोत्साहन भत्ता लगायतका सेवा सुविधा व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छ ।

थ. नगरपालिकाबाट करार सेवामा सम्झौता गरी कार्यरत शिक्षक,कर्मचारी तथा स्वास्थ्यकर्मीहरुलाई नेपाल सरकारद्धारा निर्धारण गरेको राष्ट्रिय ज्यालादर भन्दा कम नहुने गरी मासिक पारिश्रमिक उपलब्ध गराइने छ ।



तिलागुफा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गाम्ते, कालीकोट कर्णाली प्रदेश नेपाल २०७३

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

द. नगरपालिकाको भवन साँघुरो भई सेवा प्रवाहमा नकरात्मक असर परेको तथा पदाधिकारी तथा कर्मचारीहरुलाई दैनिक कामकाज गर्न कठिनाइ भएको र बर्सेनि घर भाडामा ठूलो रकम खर्चिनु परेको अवस्थालाई मध्यनरजर गरी पालिकाको केन्द्रको टुङ्गो नलागे सम्म सहज रुपमा दैनीक प्रशासन सञ्चालन गर्न हाल रहेको मुख्य र सहायक भवनका छतमा UPVC Pannel प्रविधि प्रयोग गरी थप कोठाहरु निर्माण गर्न बजेट सुनिश्चित गरिएको छ ।

ध. अस्थायी प्रहरी चौकीलाई स्थायीका लागि आवश्यक प्रकृया बढाईनेछ ।

न. पालिकामा रहेका चारपाङ्ग्रे तथा दुई पाङ्ग्रे सवारी साधनहरु मर्मत सम्भार गरी चुस्त दुरुस्त राखिने छ ।मर्मत सम्भार गरी चलाउन नसकिने सवारी साधनहरु लिलाम विक्री गरिनेछ ।

**सभाध्यक्ष ज्यू,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजना र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

| क्रस. | शिर्षक | रकम | अङ्क |
|---|---|---|---|
| १ सङ्घीय सरकार | | | |
| क | वित्तिय समानीकरण | १०,७०,००,०००।- | दश करोड सत्तरी लाख |
| ख | सशर्त अनुदान | २०,६१,००,०००।- | बीस करोड एकसठ्ठी लाख मात्र |
| ग | राजस्व बाँडफाँड | १०,४५,४१,०००।- | दश करोड पैतालीस लाख एकचालीस हजार मात्र |
| घ | सम्पूरक अनुदान | २,५१,००,०००।- | दुई करोड एकाउन्न लाख मात्र |
| ङ | विशेष अनुदान | १,४८,००,०००।- | एक करोड अठचालीस हजार मात्र |
| जम्मा सङ्घीय सरकार | | ४५,७५,४१,०००। | पैतालीस करोड पच्हत्तर लाख एक चालीस हजार मात्र |
| २प्रदेश ( सरकार | | | |
| क | वित्तिय समानीकरण | १,४२,४४,०००।- | एक करोड बयालीस लाख चब्बालीस हजार मात्र |
| ख | सशर्त अनुदान | २,९०,१५,०००।- | दुई करोड नब्बे लाख पन्ध्र हजार मात्र |
| ग | राजस्व बाँडफाँड | १४,५५,४१३.४०।- | चौध लाख पचपन्न हजार चार सय तेह रुपैया चालीस पैशा मात्र |
| घ | सम्पूरक अनुदान | २,७४,००,०००।- | दुई करोड चब्बत्तर लाख मात्र |
| ङ | विशेष अनुदान | ५५,००,०००।- | पच्पन्न लाख मात्र |
| जम्मा प्रदेश सरकार | | ७,७६,१४,४१३।४०।- | सात करोड छयहत्तर लाख चौध हजार चार सय तेहह रुपैया चालीस पैशा मात्र |



तिलागुफा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गल्जे,कालीकोट कर्णाली प्रदेश नेपाल २०७३

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ३ नगरपालिका | | | |
| क | आन्तरिक श्रोत | ६०,००,०००।- | साठी लाख मात्र |
| जम्मा आन्तरिक श्रोत | | ६०,००,०००।- | साठी लाख मात्र |
| घ) अन्य स्रोत | | | |
| क | सामाजिक सुरक्षा तथा ज्येष्ठ नागरिक | ९,७०,००,०००।- | नौ करोड सत्तरी लाख मात्र |
| ख | सडक बोर्ड नेपाल सशर्त | ४०,००,००० ।- | चालीस लाख मात्र |
| कूल जम्मा | | १०,१०,००,०००।- | दश करोड दश लाख मात्र |
| ४) गैर सरकारी संस्था | | | |
| क | कृन नेपाल | ९७,८७,५००।- | सन्तानब्बे लाख सतासी हजार पाँच सय मात्र |
| ख | साझेदारी सहयोग केन्द्र पेस नेपाल | ३२,१५,०००।- | बत्तीस लाख पन्ध्र हजार मात्र |
| ग | भिडिसेफ नेपाल | ७,००,०००।- | सात लाख |
| घ | नेपला राष्ट्रिय समाज कल्याण संघ | १५,७९,२९२।- | पन्ध्र लाख उन्नासी हजार दुई सय बयान्बे रुपैया मात्र |
| कूल जम्मा गैर सरकारी संस्था | | १,५२,८१,७९२।- | एक करोड बाउन्न लाख एकासी हजार सात सय बयान्बे रुपैया मात्र |
| कूल जम्मा (१+२+३+४( | | ६५,७४,३७,२०५।४० | पैसठ्ठी करोड चौहत्तर लाख सैतीस हजार दुई सय पाँच रुपैया चालीस पैशा मात्र |

आगामी आर्थिक वर्षका लागि कूल खर्च रु ६५,७४,३७,२०५।४० (पैसठ्ठी करोड चौहत्तर लाख सैतीस हजार दुई सय पाँच रुपैया चालीस पैशा मात्र) विनियोजन गरिएको छ । कुल विनियोजनमध्ये चालु तर्फ रु ५३,४८,३७,२०५।४० ( त्रिपन्न करोड अठचालीस लाख सैतीस हजार दुई सय पाँच रुपैया चालीस पैशा अर्थात ८१.३५ प्रतिशत,पूँजीगततर्फ रु १२,२६,००,०००।. ( बाह्र करोड छब्बीस लाख मात्र ) अर्थात १८.६५ प्रतिशत रहेको छ ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये संघीय सरकारबाट रु. ४४,७५,४१,०००।- प्रदेश सरकारबाट रु.७,७६,१४,४१३.४०।- आन्तरिक आयबाट रु.६०,००,०००।- र अन्य स्रोत तथा गैर सरकारी संस्गाहरुबाट रु.१,५२,८१,७९२।- व्यहोरिनेछ ।

**सभाध्यक्षज्यू,**

**सभा सदस्यज्यू,**

प्रस्तुत बजेट,नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट तिलागुफा नगरपालिकाको विकासमा समृद्धि र उल्लेखनिय योगदान पुग्ने अपेक्षा गरेको छ ।साथै नगरपालिकाले अघिसारेको प्रस्तुत बजेट,नीति तथा



तिलागुफा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कालीकोट कर्णाली प्रदेश नेपाल २०७३

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्‍याउने नेपाल सरकार, कर्णाली प्रदेश सरकार, साझेदार संघ संस्था, नीजि क्षेत्र, अन्तराष्ट्रिय दातृ निकाय, नगरपालिकाका कर्मचारीहरु, आम नागरिक र सम्पूर्ण बुद्धिजीवी एवं प्रवुद्ध व्यक्तिहरुमा हार्दिक अपिल गर्दछु। आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमाका विभिन्न प्रकृयाहरुमा रचनात्मक सल्लाह सुझाव प्रदान गर्नुहुने विभिन्न राजनैतिक दलका प्रतिनिधीहरु, नागरिक समाज, पत्रकारहरु, विभिन्न साझेदार विकास साझेदार निकायहरु, जनप्रतिनिधीज्यू लगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु ।

अनत्यमा, नेपालको संविधानले तीन तहको राज्य संरचनालाई आत्मसात गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रामक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन,विकास र समृद्धिको आकाँक्षा पूरा गर्ने लक्ष्य लिएको छ । तिलागुफा नगरपालिकाका जनताको नजिकको सरकारको हिसाबले जनताका अधिकतम समस्याको हल नगर सरकारले गर्नुपर्ने र सिमित स्रोत साधन एवं कमजोर विकास, समृद्धिको लक्ष्य प्राप्त गर्न सकिएको छैन ।तथापि तिलागुफा नगरपालिकाको बजेट,नीति तथा कार्यक्रममा समावेश हुन नसकेका कार्यक्रमहरु आगामी आर्थिक वर्षमा समावेश गरिदै लगिनेछ । नगरपालिकाका सीमित स्रोत र साधनबाट दिगो विकास, समृद्धि र सुशासनको आकाँक्षा परिपूर्ति गर्न जनताले हामीलाई यो जिम्मेवारी सुम्पिएकोले यो नीति तथा कार्यक्रम अनुमोदनका लागि यो सम्मानित सभा समक्ष पेश गर्दछु ।साथै आजको यस गरिमामय नगर सभामा प्रस्तुत गरिएको बजेट, नीति तथा कार्यक्रमबाट नगरपालिकाको आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार, विकासको क्षेत्र तथा लक्षीत वर्ग र क्षेत्रको समग्र विकासमा योगदान पुग्ने विश्वास लिएको छ । प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुर्‍याउनु हुने नगर प्रमुखज्यू, वडा अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत समितिका संयोजकज्यू, कार्यपालिका सदस्यज्यू, नगर सभा सदस्यज्यू, नगरका सम्पूर्ण कर्मचारीहरु, र सर्वदलीय सर्वपक्षीय बैठक मार्फत सुझाव सल्लाह लगायत पृष्ठपोषण प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरु, नगरपालिकासँग साझेदार गर्ने गैर सरकारी संस्था लगायत सबैमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहान्छु । धन्यवाद ।

महेन्द्र बहादुर शाही
संयोजक
बजेट, योजना तथा कार्यक्रम तर्जुमा समिति
तिलागुफा नगरपालिका कालीकोट ।

तिलागुफा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गाल्जे, कालीकोट कर्णाली प्रदेश नेपाल २०७३

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख